## लैगिंक हिंसा निवारणमा सरोकारवालको भूमिका

### लैगिंक हिंसा विरुद्धको पृष्ठभूमि:

लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान प्रत्येक वर्ष २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म अन्तराष्ट्रिय अभियानका रुपमा मनाउने गरिन्छ । सन् १९५० को दशकमा डोमिनिकन गणतन्त्रको तात्कालीन त्रुजिलो तानाशाही शासकका विरुद्ध मिरावेल परिवारका तीन दिदी बहिनीले लडेको इतिहास छ । यी ३ जना अभियन्ता एवं राजनितीक कार्यकर्ताहरुले तानाशाही शासन विरुद्ध वकालत शुरु गरेपछि १९६० नोभेम्बवर २५ का दिन उनीहरुलाई निर्ममतापूर्वक हत्या गरियो । तीन दिदिबनी पेटिया,मिनर्भा र मारिरयाको सम्फनास्वरुप संयुक्त राष्ट संघले नोभेम्वर २५ लाई महिला हिंसा विरुद्धको अन्तराष्टिय दिवसको रुपमा मनाउने निर्णय ग-यो । यो हत्यालाई महिला माथिको हिंसाको रुपमा लिइ उनीहरुको सम्फनामा विभिन्न कायर्कम गर्दै यो दिवस मनाउन शुरु गरियो । महिला हिंसा विरुद्ध आवाज उठाउने साहासी महिलारुको सम्मान गर्ने , हिंसा विरुद्धको प्रतिरोधलाई एक्यवद्धता जनाउने उत्सवको रुपमा अभियान विकसित हुदै गयो । यो अभियानको उद्धेश्य महिला हिंसा विरुद्ध आम जनमानसमा संचेतना जगाउने ,हिंसा विरुद्ध आवाज उठाउने , हिंसा प्रभावितलाई न्यायमा पहूँच दिलाउनु र लैगिंक समानता कायम गर्नु हो ।

महिला तथा बालबालिकाहरुको मानव अधिकारको संरक्षण गर्न ,सम्मानपूर्वक बाच्न पाउने हक अधिकार सुनिश्चित गर्न विकासको समान साफेदारको रुपमा स्थापित गरी लैगिंक समानता कायम गर्न नेपालले २०५४ साल देखि विविध सचेतनामूलक कार्याकम गरी यो अभियान मनाउने गरिएको छ ।

नेपाल सरकारले लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान २०१८ को राष्टिय नारा : **"लैगिंक हिंसा र र्दुव्यवहार : छैन हामीलाई स्वीकार"** का साथ संघीय सरकाका मन्त्रालय तथा निकायहरु, सात वटै प्रदेश सरकार, ७७ वटै जिल्ला समन्यव समिति,७५३ स्थानीय तह ,वडाहरु सरोकारवाला निकायहरु ,विद्यालय तथा सामाजिक संघ संस्थाहरुलाई मनाउन आह्वान गरिएको छ । सोही अनुरुप विशेष गरेर यस अवधिमा विविध सचेतनामूलक कार्यकमका साथ देशव्यापी रुपमा यो अभियान मनाइरहेको छ ।

लैगिंक हिंसा निवारणका लागि नेपाल सरकारका विभिन्न विषयगत कार्यालय ,राष्टिय तथा अन्तराष्टिय गैर सरकारी संघ संस्था र संचार माध्यमहरुबाट विविध कार्यकमहरु संचालन गर्दे आएको छ तथापि अपेक्षाकृत रुपमा न्यूनीकरण हुन सकेको छैन । जस्ले परिवार ,समाज र राष्टलाई नै घातक बनाइरहेको छ यसबाट उन्मुक्ति दिलाउन हामी सबैको महत्वूर्ण जिम्मेवारी रहेको छ । यस अभियानलाई प्रभावारी बनाउन विभिन्न स्थानीय तहले सचेतनामूलक कार्यक्रम गरी मनाए जस्तै यस रुपनी